# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## गणतन्त्र दिवस, २०८३ को शुभकामना सन्देश

विभिन्न कालखण्डका ऐतिहासिक जनआन्दोलन र त्यागको जगमा मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक दिनको सम्झनामा आज हामी १९औं गणतन्त्र दिवस मनाइरहेका छौं । यस गौरवपूर्ण अवसरमा बागमती प्रदेश, देश तथा विदेसमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आजको यस ऐतिहासिक दिनमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, परिवर्तनका आन्दोलनहरुमा होमिएर घाईते हुनुभएका तथा बेपत्ता भएकाहरुको योगदानको स्मरण गर्दै उच्च आदरभाव प्रकट गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकको राष्ट्रिय एकता, भौगोलिक अखण्डता र स्वाधिनतालाई अक्षुण्ण राख्दै दिगो शान्ति,सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नु हामी सबैको साझा दायित्त्व हो । शासन प्रणालीमा आम नागरिकको सहज पहुँच र राज्यबाट प्राप्त हुने प्रतिफलको समन्यायिक वितरणले नै गणतन्त्रलाई थप संस्थागत र सुदृढ बनाउन सक्दछ ।

अन्तमा, यस ऐतिहासिक दिवसले हामी सबैलाई आपसी सद्भाव, भ्रातृत्व र एकताको सुत्रमा बाँध्ने थप उर्जा र प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

**२०८३ साल जेठ १५ गते, शुक्रबार**
**ने.सं. ११४६ अनलाथ्व: त्रयोदशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np